# बंगलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कमिरेचौर,दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१/०८२ फोन ९८५७८३५२१६/९८५७८४५६०१


## साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/ गैह्रसरकारी संस्थाको लागि आशयपत्र आव्हानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।२० गते

यस बगलाचुली गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय दाङले कृषि तथा पशु विकास क्षेत्रमा निजी क्षेत्र/ गैह्रसरकारी संस्थाको साझेदारीमा काम गर्ने उदेश्यले सार्वजनिक निजी साझेदारी सम्वन्धी ऐन २०७६ तथा कार्यविधि २०८१ कार्यन्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रहि आर्थिक वर्ष २०८१।०८२ देखि शुरु हुने गरी आर्थिक बर्ष २०८१।०८२ देखि बहुवर्षिय कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नका लागि तपशिलमा उल्लिखित आवस्यक योग्यता पुरा गरेका इच्छुक निजी क्षेत्र तथा गैह सरकारी क्षेत्रका व्यक्ति तथा संस्गाहरुवाट यो सूचना प्रकाशित भएको मितिले (३०) तिस दिन भित्र आवस्यक कागजातहरु सहित आशयपत्र पेश गर्नुहुन सूचना आब्हान गरीएको छ । यस सम्वन्धी विस्तृत विवरण तथा जानकारीका लागि यस गाउँपालिकाको वेभसाइटwww.bangalachulimun.gov.npवाट डाउनलोड गर्न वा गाउँ कार्यापालिकाको कार्यालयवाट प्राप्त गर्न सकिनेछ। न्यूनतम योग्यता नपुगेका आवस्यक विवरण तथा कागजात संलग्न नगरी पेश भएका प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुने छैन ।

<u>आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु</u>

१ आशयपत्र संम्वन्धी निवेदन,
२ आशयपत्रको फारम,
३ संस्था दर्ता नविकरण ,गत आर्थिक वर्षको करचुक्ता, विगत तीन वर्षको लेखा परीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र,
४ भ्याट ,प्यान दर्ताको प्रमाणपत्र,
५ साझेदारीका लागि आवस्यक वजेट श्रोत खुलाएको वा व्यवस्था गर्न सकिने प्रतिवदता पत्र,
६ संयुक्तउपक्रम कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्थाहरु बीच कार्य जिम्मेवारी खुल्ने सम्झौताको सक्कल प्रति १ एक
७ प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरीकता प्रमाणपत्रको प्रतिलिपि,
८ संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ एक प्रति,
९ व्यक्ति फर्म वा कम्पनी तथा संस्थाको विवरण प्रोफाइल,
१० विगत ७ सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण र व्यक्तिगत आशयदाताको हकमा विगत ४ चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामाको विवरण,
११ प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

प्रमुख प्रशासकीय अधिकृत